उमाकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन नं ०४८६९१९२७

पत्र संख्या: ०८०/०८१
चलानी नं:

उमाकुण्ड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल

**साझा सुविधा केन्द्र भवन भाडामा लगाउने सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित मिति :२०८०/०६/१७**

उमाकुण्ड गाउँपालिका वडा नं ४ च्यादलु बजारमा रहेको साझा सुविधा केन्द्र भवन भाडामा लगाउने मिति २०८०/०६/१५ गतेको कार्यपालिकाको निर्णय बमोजिम तपशिलका शर्तहरुमा रहि यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र रितपूर्वक सिलवन्दी दररेट पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.स | स्थान | न्यूनतम भाडा रकम | कोठा संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | वडा नं ४ च्यादलु बजार | मासिक रु. १०,०००।०० | २ | |

शर्तहरु :

**१.** भाडामा लिन चाहने इच्छुक व्यक्ति, फर्म, कम्पनी, संघ, संस्था तथा सहकारीले रु. ५००/-(अक्षरुपी रु पाँच सय मात्र ) दस्तुर उमाकुण्ड गाउँपालिकाको आन्तरिक राजश्व खातामा वा उमाकुण्ड गाउँपालिकाको राजश्व शाखामा जम्मा गरि सक्कल भौचर वा रसिद पेश गरि आवेदन फाराम गाउँपालिकाको राजश्व शाखावाट प्राप्त गर्न सकिने छ ।

**२.** कानूनले बन्देज गरेका कार्यहरुको लागि प्रयोग गर्ने गरि साझा सुविधा केन्द्र भाडामा उपलव्ध गराईने छैन । त्यस्तो व्यवसाय गर्ने गरि पेश भएको सिलवन्दी दररेट अस्वीकृत हुनेछ ।

**३.** व्यवसाय सञ्चालन गर्न चाहने इच्छुक व्यक्ति, फर्म, कम्पनी, संघ, संस्था तथा सहकारीले कुन व्यवसाय सञ्चालन गर्ने हो, सोको संक्षीप्त विवरण सहित दर्ता प्रमाण पत्र, आन्तरिक राजश्व ~~शाखा~~ कार्यालयवाट प्राप्त मू.अ.क. वा स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि तथा संचालक समिति वा प्रोप्राईटरको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि निवेदनका साथ पेश गर्नुपर्नेछ ।

**४.** दर्ता भएका आवेदन ८ औं दिनको १ बजे कार्यालयका प्रतिनिधि र आवेदक वा आवेदकको प्रतिनिधिको रोहवरमा खोलिनेछ । आवेदक वा आवेदकको प्रतिनिधि अनुपस्थित रहे पनि सिलवन्दी दररेट खोल्न बाधा पर्ने छैन । आवेदन खोल्ने दिन सार्वजनिक विदा परेमा सो पछिको कार्यालय खुलेको दिन सिलवन्दी दररेट खोलिनेछ ।

**५.** रितपूर्वक प्राप्त आवेदन स्वीकृत भई स्वीकृत आवेदन मध्येबाट बढाबढको आधारमा सबैभन्दा बढी भाडा रकम कबोल गर्ने आवेदकलाई छनोट गरिनेछ । प्राप्त सिलबन्दी दररेट स्वीकृत वा अस्वीकृत गर्ने अधिकार गाउँपालिकामा निहित रहने छ ।

**६.** सबैभन्दा बढी भाडा कबोल गर्ने र सारभूत रुपमा प्रभावग्राही रहि छनोट भएका व्यक्ति, फर्म, कम्पनी, संघ, संस्था तथा सहकारीले गाउँपालिकाको धरौटी खातामा कुल बार्षिक कबोल अंकको ५ प्रतिशतले हुने रकम जम्मा गरि छनोट भएको ७ दिन भित्र सम्झौताका लागि निवेदन पेश गर्नुपर्नेछ । प्रत्येक महिनाको २५ गते मासिक भाडा बुझाउनु पर्नेछ । भाडा नबुझाएमा नियमानुसार जरिवाना लाग्नेछ । लगातार २ महिना सम्म भाडा नबुझाए भाडा रकम धरौटीबाट कट्टी गरि असुल गरिने छ ।

**७.** सम्झौताको अवधि २०८१ असार मसान्त सम्मको हुनेछ ।

**८.** अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछन् ।

रामचन्द्र लामा
प्रमुख प्रशासकीय अधिकृत

**रामचन्द्र लामा**
**प्रमुख प्रशासकीय अधिकृत**